सुदूरपश्चिम प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

# उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

धनगढी, कैलाली

नेपाल

प.सं. ०७९/०८०

च.नं १००

मितिः २०७९/०८/१२

विषयः सूचना टाँस गरिदिन हुन।

श्री स्थानीय तहहरु(सबै)

सुदूरपश्चिम प्रदेश।

प्रस्तुत विषयमा यस निर्देशनालयको लागि आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सुदूरपश्चिम प्रदेशका प्रत्येक जिल्लामा जिल्लागत विशिष्टताका आधारमा प्रत्येक जिल्ला एक विशिष्ट उद्योग प्रवर्द्धनका लागि अनुदान सहायताका लागि उद्योग छनौट गर्नुपर्ने भएकोले सो सम्बन्धी प्रस्ताव आह्वानको सूचना र मोडेल उद्यमी/प्रशिक्षक तयार गर्ने लामो अवधिको आवासिय तालिम संचालन गर्नुपर्ने भएकोले सो सम्बन्धी आवेदन आह्वानको सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी यस निर्देशनालयमा पठाउनुहुन सम्बन्धित सूचनाहरु यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ।

२०७९/८/१२

.................

धर्मराज जोशी

नि. निर्देशक

☎ सम्पर्कः ०९१-५२०५१३

www.diccw.sudurpashchim.gov.np, ✉ udyognirdeshanalaya.kailali@gmail.com

**सुदूरपश्चिम प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**धनगढी, कैलाली, नेपाल**

# सुदूरपश्चिम प्रदेशका प्रत्येक जिल्लामा जिल्लागत विशिष्टताका आधारमा प्रत्येक जिल्ला एक विशिष्ट उद्योग प्रवर्द्धनका लागि अनुदान सहायता सम्बन्धी प्रस्ताव आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९/०८/१३)**

यस निर्देशनालयको लागि आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार 'सुदूरपश्चिम प्रदेशका प्रत्येक जिल्लामा जिल्लागत विशिष्टताका आधारमा एक विशिष्ट उद्योग प्रवर्द्धन' का लागि देहायका स्थानीय कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योगहरुमा अनुदान सहायताका लागि सिलवन्दी प्रस्ताव माग गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन हुनुपूर्व प्रचलित कानून बमोजिम घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भई संचालनमा रहेका र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदूरपश्चिम प्रदेशबाट जारी भएको 'उद्योग, वाणिज्य तथा उपभोक्ता हित सम्बन्धी वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९' बमोजिम योग्यता पुगेका ईच्छुक उद्यमीहरुले आवश्यक कागजातहरु संलग्न राखी यस निर्देशनालय वा सम्बन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले २१(एक्काइस) दिन भित्र कार्यालय समयभित्र सिलवन्दी प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रस्तावकले पेश गर्नुपर्ने कागजात तथा निवेदनको ढाँचा उल्लिखित कार्यविधि वा यस निर्देशनालयको वेबसाइट diccw.sudurpashchim.gov.np बाट डाउनलोड गर्न तथा प्रस्ताव तयार गरी पेश गर्न हुन अनुरोध गरिन्छ। विस्तृत जानकारीको लागि यस निर्देशनालयको सम्पर्क नं. ०९१-५२०५१३ मा वा जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयहरुमा सम्पर्क गर्न सकिनेछ।

| जिल्ला र सम्पर्क नं. | अनुदान प्रवाह हुने उद्योगहरु | जिल्ला र सम्पर्क नं. | अनुदान प्रवाह हुने उद्योगहरु |
|---|---|---|---|
| अछाम ०९७-६२०१०९ | अल्लोमा आधारित तयारी बस्तु उत्पादन गर्ने उद्योग | डोटी ०९४-४४०११४ | अल्लोबाट धागो तथा कपडा उत्पादन गर्ने उद्योग |
| | बाँसबाट वस्तु उत्पादन गर्ने उद्योग | | बाँसबाट वस्तु उत्पादन गर्ने उद्योग |
| | चिउरी प्रशोधन गरी वस्तु उत्पादन गर्ने उद्योग | | रैथाने चामल उत्पादन तथा प्याकेजिङ् गर्ने उद्योग |
| कैलाली ०९१-५२१३०६ | बेतमा आधारित उद्योग | कञ्चनपुर ०९९-५२१३०७ | मसला उत्पादन तथा प्याकेजिङ् गर्ने उद्योग |
| | सालको पातका दुना टपरी उत्पादन गर्ने उद्योग | | बाँसबाट तयारी वस्तु उत्पादन गर्ने उद्योग |
| | बेलको जुस उत्पादन तथा प्याकेजिङ् गर्ने उद्योग | | उखु प्रशोधन गरी खाद्य वस्तु उत्पादन गर्ने उद्योग |
| डडेल्धुरा ०९६-४१०१६४ | चिउरीमा प्रशोधन गरी वस्तु उत्पादन गर्ने उद्योग | दार्चुला ०९३-४२०१२१ | रिठा/पाङर प्रशोधन गरी वस्तु उत्पादन गर्ने उद्योग |
| | अल्लोमा आधारित तयारी बस्तु उत्पादन गर्ने उद्योग | | जडिबुटी प्रशोधनमा आधारित उद्योग |
| | मसला उत्पादन तथा प्याकेजिङ् गर्ने उद्योग | | स्थानिय उनमा आधारित वस्तु उत्पादन गर्ने उद्योग |
| बैतडी ०९५-५२०१७२ | चिउरीमा प्रशोधन गरी वस्तु उत्पादन गर्ने उद्योग | बाजुरा ०९७-५४१०४१ | स्थानिय उनमा आधारित वस्तु उत्पादन गर्ने उद्योग |
| | जडिबुटी प्रशोधनमा आधारित उद्योग | | अल्लोमा आधारित वस्तु उत्पादन गर्ने उद्योग |
| | भटमास प्रशोधन गरी खाद्य वस्तु उत्पादन गर्ने उद्योग | | जडिबुटी प्रशोधनमा आधारित उद्योग |
| बझाङ् ०९२-४२१०४९ | स्थानिय उनमा आधारित वस्तु उत्पादन गर्ने उद्योग | नोटः प्रति जिल्ला १ उद्योगलाई अधिकतम रु. ५ लाख मेशिनरी उपकरणमा मात्र अनुदान प्रवाह गरिनेछ र प्रस्तावको कम्तीमा २० प्रतिशत अनिवार्य रुपमा लागत साझेदारी गर्नुपर्नेछ। | |
| | नेपाली कागजमा आधारित वस्तु उत्पादन गर्ने उद्योग | | |
| | अल्लोमा आधारित वस्तु उत्पादन गर्ने उद्योग | | |

<u>प्रस्तावदाताले पेश गर्नुपर्ने कागजातहरुः</u>

१. नागरिकताको प्रमाणपत्र, उद्योग दर्ताको प्रमाण पत्र, नवीकरण, स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र गत आर्थिक वर्षको कर तिरेको सक्कल निस्सा वा कर चुक्ता प्रमाणपत्र सबै कागजातहरुमा प्रस्तावक स्वयंले सहीछाप गरी प्रमाणित गरेको प्रतिलिपि।
२. उद्योग सञ्चालन गर्न अनुमति प्राप्त सहकारीको हकमा उद्योग दर्ताको प्रमाण पत्र, नवीकरण, स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, लेखा परिक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्र, जिम्मेवारी दिई खटाएको अख्तियारी पत्र, विनियम सबै कागजातमा सहीछाप गरी प्रमाणित प्रतिलिपि।
३. उद्योग सञ्चालनमा रहेको भवन वा जग्गाको स्वामित्व आफ्नै भएमा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि, एकाघरको परिवारको सदस्यको भएमा भवन वा जग्गाधनी र उद्यमी बीचको नाता खुल्ने गरी निवेदन साथ दुवैको नागरिकताको प्रतिलिपि र भाडामा लिएको भएमा कम्तिमा पाँच वर्ष सम्झौता अवधि रहेको सम्झौतापत्रको प्रतिलिपि साथै जग्गाधनीको नागरिकताको प्रमाणपत्र र जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि।
४. प्रस्तावकको लगानी गर्ने प्रतिवद्धता र कम्तीमा लागत साझेदारी बराबर हुन आउने रकम मौज्दात रहेको उद्योगको बैंक स्टेटमेण्ट।
५. प्रस्तावित उद्योग अनुदान पाउन योग्य रहेको छ भनी उल्लेख भएको स्थानीय तहको कार्यपालिकाको कार्यालयको सिफारिस पत्र।
६. व्यावसायिक योजना (सहकारी संस्थाको हकमा बैठकबाट निर्णय भएको हुनुपर्ने)
७. उद्योग कालोसूचिमा नपरेको स्वघोषणा पत्र।
८. उद्योगको लागि यस अघि सम्बन्धित मेसिनरी औजार तथा उपकरण खरिदमा कुनै पनि किसिमको अनुदान सहयोग नलिएको स्वघोषणा पत्र।
९. प्रस्तावित जनशक्तिको शैक्षिक योग्यता एवं उद्योगसंग सम्बन्धित कुनै तालिम वा अनुभव लिएको भएमा सोको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

**प्रस्तावकले उल्लिखित कागजातहरु स्वयंले प्रमाणित गरी फर्मको छाप सहित अनिवार्य रुपमा प्रस्तावसँग संलग्न राखी पेश गर्नुपर्नेछ।**

**सुदूरपश्चिम प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**धनगढी, कैलाली, नेपाल**

# मोडल उद्यमी/प्रशिक्षक तयार गर्ने लामो अवधिको आवासिय तालिम सञ्चालन सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९/०८/१३)**

यस निर्देशनालयको लागि आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मोडल उद्यमी/प्रशिक्षक तयार गर्ने लामो अवधिको आवासिय तालिम संचालन हुन गइरहेकोले सुदूरपश्चिम प्रदेशमा तपसिलका विषयसँग सम्बन्धित उद्योग व्यवसाय संचालन, प्रवर्द्धन, विकास एवम् विविधिकरण गर्न ईच्छा भएका देहायका योग्यता पुगेका व्यक्तिले उक्त विषयमा सैद्वान्तिक तथा व्यावहारिक ज्ञान, सीप सहित तालिम प्राप्त गर्न यो सूचना प्रकाशित भएको मितिले २१(एक्काईस) दिनभित्र यस निर्देशनालय वा सम्बन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालयहरुमा आवेदन पेश गर्न हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ। साथै, तालिमका लागि पेश गरिने आवेदनको ढाँचा, प्रशिक्षार्थी छनौट प्रक्रिया लगायतका विविध विषयहरु उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदूरपश्चिम प्रदेशबाट जारी भएको 'उद्योग, वाणिज्य तथा उपभोक्ता हित सम्बन्धी वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९' मा हेर्न सकिने र उक्त कार्यविधि यस निर्देशनालय वा सम्बन्धित कार्यालयबाट प्राप्त गरी वा निर्देशनालयको वेबसाइट diccw.sudurpashchim.gov.np बाट डाउनलोड गर्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तालिम प्रदान गरिने विषयहरु:**

- एडभान्स ब्युटिपार्लर (आधारभुत तहको तालिम लिईसकेको व्यक्तिलाई दिइने तालिम),
- एडभान्स सिलाईकटाई (आधारभुत तहको तालिम लिईसकेको व्यक्तिलाई दिइने तालिम),
- प्लम्बिङ्,
- टाईल मार्वल फिटिङ्,
- यु.पि.भि.सि. तथा आल्मुनियमका झ्याल ढोका,
- स्टिल फिक्चर्स,
- हाते ट्रेक्टर (Power Tiller) मर्मत सम्बन्धी तालिम।

**प्रशिक्षार्थीको योग्यता:**

- नेपाली नागरिक,
- १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको,
- साधारण लेखपढ गर्न सक्ने,
- यो तालिम भन्दा पहिले यस किसिमको तालिम नलिएको हुनुपर्नेछ, तर एडभान्स ब्युटिपार्लर र एडभान्स सिलाईकटाई तालिमको हकमा आधारभुत तालिम लिएको हुनुपर्नेछ।

**संलग्न गर्नुपर्ने कागजातहरु:**

- तोकिएको ढाँचामा आवेदन,
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी (उपलब्ध भएमा),
- तालिम पश्चातको कार्ययोजना (कम्तीमा १००० शब्दमा हुनुपर्ने)। कार्ययोजनाको ढाँचा निर्देशनालयको Website मा राखिएको छ।

नोटः विस्तृत जानकारीका लागि यस निर्देशनालयको सम्पर्क नं .०९१-५२०५१३ मा सम्पर्क गर्न सकिनेछ।